आज मिति २०८१/०४/१६ गते बुधबार निस्दी गाउँपालिका, गाउँ कार्यपालिकाको ६५ औं बैठक निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. सदस्य सचिव श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी

१७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

**मिति २०८१। ०४।१६ गते बस्ने निस्दी गाउँपालिकाको ६५ औँ गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. बार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाइ सम्वन्धमा ।

३. नीतिगत निर्णय सम्वन्धमा ।

## मिति २०८१।०४।१६ गते बसेको निस्दी गाउँपालिकाको ६५ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो। सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन , जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा वडा स्तरीय बार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाइ २०८१ श्रावण मसान्त सम्ममा सम्पन्न गर्ने र गाउँपालिका स्तरीय बार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाइ मिति २०८१ भाद्र ०६ गते संचालन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा आ.ब २०८१।०८२ को लागी देहाय अनुसार नीतिगत निर्णय गरियो ।

क) निस्दी गाउँपालिका अन्तरगतका बिषयगत शाखा प्रमुखलाइ १५ लि. इन्धन , वडा कार्यालय लाइ मासिक २५ लि. इन्धन र रु १५ हजार सवारी साधन मर्मत संम्भार खर्च र कार्यालको लागी आवश्यकता अनुसार इन्धन , मर्मत खर्च उपलब्ध गराउने निर्णय गरियो ।

ख) यस गाउँपालिकाको बिषयगत समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा बस्न निर्देशन गरियो ।

ग) यस गाउँपालिकाको सडक गुरुयोजना स्वीकृत गर्ने र सडक गुरुयोजनाको मापडण्ड बारे सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

घ) दैनिक ज्यालादारीमा अमिन राख्नको लागी गाउँकार्यपालिकाको कार्यालय लाइ निर्देशन दिने निर्णय गरियो ।

ङ) निस्दी गाउँपालिकाको खरिद समिति र मूल्यांकन समिति तपशिल अनुसार गठन गरियो ।

**खरिद समिति**

संयोजक- श्री अर्जुन खनाल (प्रशासन योजना अनुगमन शाखा प्रमुख)

सदस्य- श्री रेम बहादुर दिशा (अधिकृत स्तर कर्मचारी)

सदस्य- श्री संजय खनाल (अधिकृत स्तर प्राविधिक कर्मचारी)

**मूल्यांकन समिति**

संयोजक- श्री मदन अर्याल (प्र.प्र.अ)

सदस्य- श्री सरोज काफ्ले( आर्थिक प्रशासन शाखा प्रमुख)

सदस्य-श्री संजय खनाल (इन्जिनियर)

प्रमुख प्रशासकीय अधिकृत

च) निस्दी गाउँपालिकामा शिक्षा शाखा र ५२ वटा विध्यालयको सचाँलन, व्यवस्थापन तथा सेवा प्रवाहको लागि शिक्षा शाखामा शिक्षा अधिकृत र प्राविधिक सहायक गरी २ जना कर्मचारीको दरवन्दी रहेकोमा दुवै दरवन्दी रिक्त रहेको, पालिकामै समेत दरवन्दी अनुसारको कर्मचारी पदपूर्ती नभएको अवस्था तथा निस्दी गाउँ शिक्षा ऐन २०८० को दफा २७ (२) मा "शिक्षा शाखामा कुनै कारणवश तोकिए वमोजिमको स्थायी कर्मचारीको पदपुर्ती नहुने अवस्थामा गाउँपालिका अन्तरगतका विध्यालयका शिक्षकलाइ काम चलाउ रुपमा शाखामा खटाउन सकिने" कानुनी व्यवस्था रहेकोले शिक्षा शाखा चलाएमान वनाउनको लागि अर्को व्यवस्था नभए सम्मका लागि श्री जीवन ज्योति आ वि निस्दी ४ मा दरवन्दी रहेका शिक्षक श्री लिल बहादुर रासलाइ प्राविधिक सहायक पदको कामकाज गर्ने गरी शिक्षा शाखामा काजमा खटाउने निर्णय गरियो ।

छ) आव २०८०।०८१ को वार्षिक वजेट कार्यान्वयन मार्फत निर्माण सम्पन्न भएको वडा न.७ ज्यामिरेको सिमलडाँडा सपोर्टिङ वालको विषयमा अख्तियारबाट सोधपुछ भइ भुक्तानीको लागि यस आ व २०८१।०८२ लाइ दायित्व सारिएकोमा उजुरी तामेलीमा रहेकोले भुक्तानी प्रकृया अगाडी वढाउन कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

मदन अर्याल ०८१।९।१६
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा